# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः-६२४ मिति :- २०७१/५/२४

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरु तथा इजाजतपत्रप्राप्त “क” र राष्ट्रिय स्तरका “ख” वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय :- परिवर्त्य विदेशी मुद्रा सटही दिने सम्बन्धमा ।

महाशय,

नेपालका विश्वविद्यालय, सरकारी अनुदान तथा सहयोगमा संचालित संघ/संस्था वा अन्तरराष्ट्रिय गैर सरकारी संघ संस्थाहरुले अगुवा संस्था (Lead Organisation) को रुपमा रही विदेश स्थित सरकार वा संघ संस्थाहरुवाट विदेशी मुद्रामा आर्थिक सहयोग प्राप्त गरी नेपाल सहित अन्य मुलुकका लागि कार्यक्रम संचालन गरेको भएमा कुल विदेशी मुद्रा नेपाल भित्रिएको प्रमाण, सम्वन्धित नियमक निकायको सिफारिश र सम्वन्धित पक्षहरु वीच रकम समेत उल्लेख भएको सम्झौताका आधारमा नेपालका लागि प्राप्त रकम कट्टा गरी बाँकी रकम वाणिज्य बैंकहरुमार्फत् कार्यक्रम संचालन हुने अन्य मुलुकमा पठाउन सक्ने व्यवस्था गरिएकोले सोही वमोजिम गर्नु गराउनु हुन विदेशी विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

भवदीय,

(भिष्मराज ढुङ्गाना)
का.मु. कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यबस्थापन महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
७. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
८. श्री सूचना प्रविधि विभाग ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
१०. श्री डेभलपमेन्ट बैकर्स एशोसिएशन, पो.व.नं. २१०२६, अनामनगर, काठमाण्डौ ।
११. श्री समाजकल्याण परिषद, केन्द्रीय कार्यालय, लैनचौर, काठमाडौ ।